आज मिति २०८२/०८/१५ गते सोमबारका दिन बिहान ७:३० बजे यस षडानन्द नगरपालिका, दिङ्गला, भोजपुरका नगर प्रमुख श्री सुरेन्द्र कुमार उदासज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको दोश्रो बैठक तपसिल अनुसारको उपस्थितिमा बसी देहायको प्रस्तावहरु माथि छलफल गरी निर्णय पारित गरियो ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री सुरेन्द्र कुमार उदास | नगर प्रमुख | |
| २. | श्री प्रमिला राई | नगर उप-प्रमुख | |
| ३. | श्री मणिरांम तामाङ | प्रमुख प्रशासकीय अधिकृत | |
| ४. | श्री ढाकमान राई | नगर कार्यपालिका सदस्य | |
| ५. | श्री विष्णु प्रसाद घिमिरे | नगर कार्यपालिका सदस्य | |
| ६. | श्री साङ्ग देम्बा राई | नगर कार्यपालिका सदस्य | |
| ७. | श्री राज कुमार तामाङ्ग | नगर कार्यपालिका सदस्य | |
| ८. | श्री टेक बहादुर जि.सी. | नगर कार्यपालिका सदस्य | |
| ९. | श्री सुमन विसुन्के | नगर कार्यपालिका सदस्य | |
| १०. | श्री दिपेश विष्ट | नगर कार्यपालिका सदस्य | |
| ११. | श्री हेम कुमार श्रेष्ठ | का.वा. वडा अध्यक्ष | |
| १२. | श्री डिमा शेर्पा | नगर कार्यपालिका सदस्य | |
| १३. | श्री पेम दोर्ची शेर्पा | नगर कार्यपालिका सदस्य | |
| १४. | श्री भूपाल कुमार कार्की | नगर कार्यपालिका सदस्य | |
| १५. | श्री राजेश कटुवाल | नगर कार्यपालिका सदस्य | |
| १६. | श्री पदम बहादुर तामाङ्ग | नगर कार्यपालिका सदस्य | |
| १७. | श्री झंक बहादुर रोका | नगर कार्यपालिका सदस्य | |
| १८. | श्री मन्दिप रसाइली | नगर कार्यपालिका सदस्य | |
| १९. | श्री रेखमान राई | नगर कार्यपालिका सदस्य | |
| २०. | श्री अरुणा थुलुङ्ग राई | नगर कार्यपालिका सदस्य | |
| २१. | श्री लिला कला राई | नगर कार्यपालिका सदस्य | |
| २२. | श्री अमृता राई | नगर कार्यपालिका सदस्य | |
| २३. | श्री लमु शेर्पा | नगर कार्यपालिका सदस्य | |
| २४. | श्री रुद्रमाया विश्वकर्मा | नगर कार्यपालिका सदस्य | |
| २५. | श्री मोतिराम बनाल | प्र.लो.प. अधिकृत | |
| २६. | श्री रामसागर यादव | लेखा अधिकृत | |
| २७. | श्री डम्बर कु. लिम्बु | It अफिसर | |

२८ श्री केशव प्र. गुराई — स्टोर प्रमुख

२९ श्री सन्तोष राई — कम्प्युटर अपरेटर

३० श्री रन्जना कु सिंह — स.लो.पा.

प्रस्तावनाहरु:

१. करार कर्मचारी तथा शिक्षक सम्बन्धमा;

२. योजना सम्झौता सम्बन्धमा;

३. कफि खेती प्रवर्द्धन कार्यविधि तथा कार्यक्रम सम्बन्धमा;

४. पशु सेवा शाखाको औषधी खरीदमा लागत साझेदारी सम्बन्धमा;

५. नवप्रर्तन कार्यक्रम प्रस्ताव पेश सम्बन्धमा;

६. विविध ।

(क) साना क्रसर सञ्चालन अनुमति सम्बन्धमा;

(ख) फोहोर प्रशोधन केन्द्र निर्माण सम्बन्धमा;

(ग) कर सङ्कलन सम्बन्धमा;

(घ) कर्मचारी सरुवा सहमति दिने सम्बन्धमा;

(ङ) दिङ्ला नगर अस्पताल सफ्टवेयर सञ्चालन सम्बन्धमा ।

(च) कफि खेती कार्यक्रम कार्यन्वयन सम्बन्धमा ।

निर्णयहरु:

१. प्रस्ताव नं. १ माथी छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ११३, मिति २०८२/०६/०७ र मुख्यमन्त्री तथा मन्त्रि परिषदको कार्यालय, कोशी प्रदेश, विराटनगरको च.नं. आ.प्र.ई./९६७, मिति २०८२/०७/१३ को परिपत्र अनुसार नेपाल सरकार, अर्थ मन्त्रालयको बुंदा नं ५ को (ङ) संगठन संरचनामा सुधार गर्ने परिपत्र अनुसार यस षडानन्द नगरपालिका अन्तर्गत कार्यरत दरबन्दी बाहेकका करार कर्मचारी, शिक्षकहरुलाई सेवाबाट हटाउन परिपत्र भएकाले हाल कार्यरत कर्मचारीहरुको तलव निकासा गरी यस पालिकाको कार्यबोझ राजश्व क्षमता र खर्चका आकार र स्थानीय आवश्यकता र विशिष्टतालाई ध्यानमा राखी आवश्यक अध्यायन विश्लेषण गरी प्रतिवेदन पेश गर्न स्थानीय सरकार संचालन ऐन २०७४, को दफा १४ बमोजिम देहाय अनुसारको अध्ययन कार्यदल गठन गरी १५ दिन भित्र प्रतिवेदन पेश गर्ने ।

देहाय:

| | |
|---|---|
| १. पदम तामाङ्ग | - संयोजक |
| २. साङदेम्बा राई | - सदस्य |
| ३. डिमा शेर्पा | - सदस्य |
| ४. टेक बहादुर जिसी | - सदस्य |
| ५. केशव प्रसाद गुरागाई | - सदस्य सचिव |

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०८२/८३ को लागि नगरसभाबाट पारित योजनाहरु सञ्चालन तथा कार्यन्वयन गर्दा पारित भएका नगर तथा वडाका जम्मा योजनाहरु मध्ये पन्ध्र (१५) प्रतिशत योजनाहरु घटाई सम्झौता गर्ने साथै वडाहरु १, २, ३, ९, १०, ११, १२, १३ र १४ सम्बन्धित वडा कार्यालयमा गई मिति २०८२ पौष ५ गते बाट योजना शाखाको कार्यतालिका अनुसार योजना सम्झौता गर्ने ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान), गरिबी निवारणका लागि प्राङ्गारिक कफी खेती विस्तार तथा व्यावसायीकरण परियोजना कार्यन्वयन तथा सञ्चालन गर्न गरिबी निवारणका लागि प्राङ्गारिक कफि खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०८२ पारित गर्ने ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व. २०८२/८३ मा पशु सेवा शाखाको औषधी खरीदमा २० प्रतिशत लागत साझेदारी गरी औषधी खरिद गर्ने भएता पनि सो खरिद साझेदारीमा लागत साझेदार गर्न कठिनाई भएकोले विनियोजित रकमको शतप्रतिशत अनुदानबाट औषधी खरिद गर्ने ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा प्रदेश तथा स्थानीय शासन सहयोग सवलीकरण कार्यक्रम (PLGSP) मार्फत नवप्रवर्तन साझेदारी परियोजना अन्तर्गत षडानन्द नगरपालिकाबाट "**सिकाई परिणाम अभिवृद्धिका लागि डिजिटल साक्षरता सुधार प्रविधिमा आधारित व्यवहारिक सीप तथा**

आयमुलक शिक्षाको विस्तार" परियोजनाको अवधारणा पत्र पेश गर्ने । साथै स्थानीय तहको लागत सहभागीता कार्यविधिले निर्धारण गरे बमोजिम जम्मा लागत १,४९,९८,५००।— (अक्षरेपी एक करोड उनन्पचास लाख अन्ठानब्बे हजार पाँच सय रुपैया) मात्र मध्ये स्थानीय परियोजना प्रस्तावमा उल्लेखित पालिकाले ब्यहोर्नु पर्ने ३० प्रतिशत लागत सहभागिताको जम्मा रु. ४४,९९,५५०।- (अक्षरेपी चौवालीस लाख उनानसय हजार पाँच सय पचास रुपैया) मात्र नगरपालिकाले ब्यहोर्ने र उपयुक्त क्षेत्रमा मात्र खर्च गर्ने ।

६. विविध

प्रस्ताव नं ६ विविध (क) माथि छलफल गर्दा सघन शहरी तथा भवन निर्माण आयोजना, धनकुटाबाट सञ्चालित यस षडानन्द नगरपालिका क्षेत्रमा सञ्चालन हुने आयोजना सञ्चालन अवधिभर मिति २०८३ असार मसान्त सम्मको लागि श्री अरुण बरुण निर्माण सेवालाई कानून बमोजिमको शर्तहरु पालना गर्ने शर्तमा साना योजनामा आधारित योजनाको अवधिभर मात्र क्रसर संचालन गर्न अनुमति दिने ।

प्रस्ताव नं ६ विविध (ख) माथि छलफल गर्दा यस षडानन्द नगरपालिकामा फोहोरमैला व्यवस्थापन गर्नका लागि फोहोर ब्यवस्थापन र प्रशोधन केन्द्र निर्माण अति आवश्यक भएको हुँदा षडानन्द नगरपालिका वडा नं ५, ६ र ७ क्षेत्रभित्र उचित ठाँउ पहिचान गरी शहरी पूर्वाधार प्रविधि अनुसन्धान तथा तालिम केन्द्र बबरमहल काठमाडौंमा पठाउनको लागि जग्गा पहिचान गर्न देहाय अनुसारको समिति गठन गर्ने ।

देहायः

| | |
|---|---|
| १. ६ नं वडा अध्यक्ष, श्री सुमन विसुन्के | - संयोजक |
| २. ५ नं वडा अध्यक्ष, श्री टेक बहादुर जिसी | - सदस्य |
| ३. ७ नं वडा अध्यक्ष, श्री दिपेश विष्ट | - सदस्य |
| ४. सव-इन्जिनियर, मेनकला राई | - सदस्य |
| ५. ६ नं वडा सचिव, श्री उपेन्द्र भट्ट | - सदस्य सचिव |

प्रस्ताव नं ६ विविध (ग) माथि छलफल गर्दा नदिजन्य पदार्थ (ढुङ्गा, गिटी, बालुवा) संकलन, उत्खनन् तथा बिक्री कर संकलन/लिलाम बिक्री गर्नका लागि पटक पटक बोलपत्र आह्वान गर्दा समेत ठेक्का नलागेको हुँदा राजश्व संकलनको लागि नगर प्रहरी परिचालन गरी नदिजन्य पदार्थ (ढुङ्गा, गिटी, बालुवा) को कर संकलन गर्ने ।

प्रस्ताव नं ६ विविध (घ) माथि छलफल गर्दा षडानन्द नगरपालिकामा कार्यरत स्थायी देहाय अनुसारका कर्मचारीहरु अन्तरपालिका सरुवा जान सहमति प्राप्त भएको हुँदा स्थानीय सरकारी सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन को दफा २४ को उपदफा ४ बमोजिम सरुवा भई जान सरुवा सहमती दिने ।

देहायः

| सि.नं. | कर्मचारीको नाम, थर | पद/तह | कैफियत |
|---|---|---|---|
| १ | सीता भट्टराई | महिला विकास निरिक्षक (सहायक पाँचौ) | |
| २ | राहुल चौधरी | हेल्थ असिस्टेन्ट (पाँचौ) | |
| ३ | कर्ण बहादुर राई | प्रशासन (चौथो) | |

प्रस्ताव नं ६ विविध (ङ) माथि छलफल गर्दा षडानन्द नगरपालिकाद्वारा सञ्चालित ष.न.पा. ७ स्थित **दिङ्ला नगर अस्पतालमा** स्वास्थ्य बिमा कार्यक्रमको सेवा प्रदान गर्न बिमा तथा अस्पताल व्यवस्थापन सफ्टवेयर बिना सञ्चालन गर्न नसकिने भएको हुँदा आवश्यक सफ्टवेयर खरिद गर्ने ।

प्रस्ताव नं ६ विविध (च) माथि छलफल गर्दा संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान), गरिबी निवारणका लागि प्राङ्गारिक कफि खेती विस्तार तथा व्यवसायीकण परियोजना कार्यन्वयन तथा सञ्चालन गर्न कार्यक्रम कार्यान्वयन समितिबाट पेश भएको कार्यक्रम (ब्रेकडाउन) सञ्चालन गर्न स्वीकृत गर्ने ।